नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:तथा राप. व्या.०७३/७४

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ३३६

मितिः- २०७३।११।२४

विषयः- राउटेजातिलाई नागरिकता दिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
दैलेख/सुर्खेत/दाङ्ग/सल्यान/जाजरकोट ।

प्रस्तुत विषयमा मन्त्रालयको च.नं. ४२४ मिति २०७०।१।३ को पत्रबाट हाल वसोवास रहेको जिल्लाबाट राउटेजातिलाई सरल र सहज रुपमा नागरिकता वितरण गर्नु हुन भनी क्षेत्रीय प्रशासन कार्यालय सुर्खेत मार्फत पत्राचार भएको व्यहोरा विदितै होला । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय पञ्जिकरण विभागको च.नं. ७६३ मिति २०७३।११।५ को पत्रबाट राउटे जातीको सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा नागरिकताको प्रमाणपत्र नभएको हुँदा सामाजिक सुरक्षा भत्ता प्रदान गर्दा कानूनी समस्या आएको र नागरिकता प्रमाणपत्र प्राप्त नगरेका राउटे जातीका व्यक्तिहरु यो सुविधा उपभोग गर्नबाट वञ्चित हुन सक्ने देखिएकोले उक्त जातिलाई नागरिकता प्रमाणपत्र वितरणको व्यवस्था गरिदिन हुन भनी पंजिकरण विभागबाट पत्र प्राप्त हुन आएको हुँदा सो सम्बन्धमा अल्पसंख्यक राउटे समुदायलाई हाल बसोबास रहेको जिल्लाबाट नेपाल नागरिकता ऐन २०६३ को दफा ८ को उपदफा ४ र ५ एवं नेपाल नागरिकता नियमावली २०६३ को नियम ३ को उपनियम(२) समेतको आधारमा विभिन्न जिल्लाहरुमा बसोबास गर्दै आएका राउटे जातीलाई उच्च प्राथमिकतामा राखी सरल र सहज रुपमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्ने व्यवस्था मिलाउन आदेशानुसार अनुरोध छ ।

(हिरामणि सुवेदी)
शाखा अधिकृत

**बोधार्थः**

श्री केन्द्रीय पंजिकरण विभाग,
ववरमहल, काठमाडौ ।

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
केन्द्रिय पञ्जिकरण विभाग
बबरमहल, काठमाडौं
द.नं. २४१०
मिति: ०७३।११।०३

D:\Nagarikta Section\all nagarikata\letters of 2073.docx